# सञ्चय कोष

ई-न्यूजलेटर


(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १० । अंक ४२ ।

२०८० वैशाख-असार


# वरिष्ठ कार्यकारी मञ्चको कार्यक्रम सम्पन्न

कोषले मिति २०८० जेठ १९ र २० गते गोकर्ण फरेष्ट रिसोर्ट, काठमाण्डौमा वरिष्ठ कार्यकारी मञ्चको कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा कोषको बजेट तथा कार्यक्रम सम्बन्धी समीक्षा र छलफल एवं वरिष्ठ कार्यकारी मञ्चको अर्न्तक्रिया सम्पन्न भएको छ ।




योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख श्री ध्रुव भट्टराईले नेपाल सरकार, अर्थ मन्त्रालय र कर्मचारी सञ्चय कोषका प्रशासकसंग भएको कार्यसम्पादन सम्झौताको चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको प्रगति समिक्षा पेश गर्नुभएको थियो ।

सो कार्यक्रममा आ.व २०७९/८० को बजेट तथा कार्यक्रमको प्रगति समीक्षा तथा आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गर्ने सन्दर्भमा आर्थिक प्रशासन विभागका विभागीय प्रमुख श्री वीरेन्द्र पौडेलले २०७९/८० को बजेटको आवधिक समीक्षा र आगामी वर्षको बजेटको संक्षिप्त जानकारी गराउनुभएको थियो ।

सोही कार्यक्रममा सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी स्रोत व्यक्ति नेपाल राष्ट्र बैकका निर्देशक डा. हरिकुमार नेपाल बाट सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा विश्वव्यापी मुद्धाहरू, कार्यहरू, आपसी सहकार्य र मुल्यांकन तथा उदीयमान बिषयहरू र सुधारका क्षेत्रहरूको सेरोफेरोमा रहेर नेपालले सम्पादन गरेका कार्यहरू, चुनौतीहरू र कोषमा यसले पार्ने प्रभाव, क्षेत्र र परिणामका बारेमा व्याख्या विश्लेषण गर्दै सैद्धान्तिक तथा व्यवहारिक सुधारका क्षेत्र सम्बन्धि Presentation गरिएको थियो ।

कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्चको समूहगत प्रस्तुति समेत गरिएको थियो । सोही क्रममा सुचना तथा सञ्चार प्रविधि समूहको तर्फबाट Information Technology-Strategies and Programs विषयमा सूचना तथा सञ्चार प्रविधि विभागका विभागीय प्रमुख श्री सुवास खड्काले तथा शाखा कार्यालय तथा सेवाकेन्द्रहरूको तर्फबाट "चालु आर्थिक वर्षको कार्यसम्पादन सम्झौता तथा शाखा कार्यालयहरूसँग सम्बन्धित केहि सवालहरू" सम्बन्धमा शाखा कार्यालय विराटनगरका प्रमुख श्री निर्मला हुमागाईंले प्रस्तुतीकरण गर्नुभएको थियो ।



कार्यक्रमका दुई प्रमुख Business Session हरूको Moderation कोष का.मु सह प्रशासक श्री जीवन कुमार कट्वाल र श्री भरतराज वस्तीले गर्नुभएको थियो ।

कार्यक्रममा विभागहरूको तर्फबाट सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख श्री रोचन श्रेष्ठ, शाखा कार्यालयहरूको तर्फबाट शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख श्री तेजप्रसाद



खनालले धारणा राख्नुभएको थियो । त्यसैगरि कोषमा रहेका ट्रेड यूनियनहरूको तर्फबाट वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष श्री बद्रिराज खड्का, सञ्चय कोष कर्मचारी संगठनका अध्यक्ष श्री धर्मराज मैनाली तथा नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष श्री रामहरि गौतमले आ-आफ्ना धारणा राख्नुभएको थियो । सहभागीहरूबाट समेत प्रश्नोत्तर, छलफलमा सक्रिय सहभागिता जनाईएको थियो ।

कार्यक्रम समापनको अवसरमा, का.मु सह-प्रशासक श्री भरतराज वस्तीले विभाग, शाखा कार्यालय/सेवा केन्द्रहरूको प्रगति विवरणमाथि ३/३ महिनामा छलफल गर्नु सान्दर्भिक हुने, सेवा प्रवाह गर्दा कर्मचारीहरूले शिष्ट कर्मचारीको रूपमा मुस्कान सहितको सेवा दिन प्रतिबद्ध हुनुपर्ने, सञ्चयकर्ताको सेवा सुविधामा सुधार गर्नुपर्ने धारणा राख्नुभयो । का.मु सह-प्रशासक श्री जीवन कुमार कट्वालले कोषको कार्य प्रणालीलाई परिवर्तन गर्नुपर्ने, AML /CFT को विषय व्यवस्थापनको तल्लो तहसम्म पुऱ्याउनुपर्ने, लेखा र लेखा प्रणालीमा Auditor ले सुझाव दिएको आधारमा सुधार गर्नुपर्ने, Policy लविङ्ग गर्दा कोरियाको model मा focus गर्ने वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो । कोषका प्रशासक श्री जितेन्द्र धितालले कोष स्थापना हुँदाको अवस्थामा पाएको Support र हालको अवस्थामा भएको support को विश्लेषण गरी Mission, Vission, Strategy मा परिवर्तन गर्नुपर्ने धारणा राख्नुभयो । श्रोतको Mobilization र सामाजिक सुरक्षाको व्यवस्थापनपनि कोष आफैले गर्नु पर्ने भएकोले दुवै कार्यलाई संगै लैजानु चुनौतिपूर्ण रहेको उहाँको विचार थियो । कार्य प्रगतिको प्रवृत्ति हेर्दा आर्थिक वर्षको अन्त्यमा बढी काम हुने गरेको देखिएकोले यसमा सुधार गर्नुपर्ने, Internal Audit सँग TieUp गरेर सुधार कार्य अघि बढाउनुपर्ने, संस्थागत सुदृढिकरणमा जोड दिनुपर्ने लगायतका धारणा राख्नुभयो । उहाँले कर्मचारीहरूको



मनोबल उच्च बनाउंनको लागि OYVS जस्ता कार्यक्रम लागु गर्न लागिएको जानकारी दिनुभयो ।

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागद्वारा आयोजित सो कार्यक्रमको सञ्चालन सो विभागका वरिष्ठ प्रबन्धक श्री नगेन्द्र प्रसाद पौडेलले गर्नुभएको थियो ।

# सामाजिक सुरक्षामा ३७ करोड बढी रकम वितरण



आर्थिक वर्ष २०७९/८० मा कोषले कुल २२ हजार ४ सय ९५ सञ्चयकर्तालाई ३७ करोड ४१ लाख रूपैयाँ रकम प्रदान गरेको छ । सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ १९ सय १७ सञ्चयकतालाई ७ करोड ६५ लाख, घातक रोगका लागि ५४० सञ्चयकर्तालाई ९ करोड ५९ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १९ हजार ८७ जनालाई १४ करोड ३१ लाख ५२ हजार, काजकिरिया अनुदान सुविधा ७९० जनाका आश्रित परिवारलाई ३ करोड १५ लाख ५० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत १६४ जनालाई ३ करोड २८ लाख प्रदान गरिएको छ ।


# सञ्चालकमा शर्मा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव श्री जनकराज शर्मा नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०८० जेठ ३२ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी शर्मालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

# सञ्चयकर्ता बडापत्र (Contributors' Charter) को निर्माण


कोषले सञ्चयकर्तासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने कोषका विभाग, शाखा कार्यालय र सेवा केन्द्रहरूको लागि नागरिक बडापत्रको अवधारणामा आधारित सञ्चयकर्ता बडापत्र अद्याबधिक गरी जारी गरेको छ । सञ्चयकर्ता बडापत्र मार्फत् कोषले सञ्चयकर्ता/योगदानकर्तालाई उपलब्ध गराउने सेवा


सञ्चयकर्ता बडापत्र
(नागरिक बडापत्रको अवधारणा अनुरुप)
ब्याजदर: कोष रकम - ८.२५%, विशेष सापटी - ९.५%, घर सापटी - ९.७५%, शैक्षिक सापटी - ९.७५%
(सम्पर्क फोन नं.: ०२६-५२००४९ E-mail: dhankuta@epfnepal.com.np Website: www.epfnepal.com.np)

सुविधा तथा सो को प्रक्रिया सम्बन्धमा प्रतिबद्धता व्यक्त गर्नुका साथै सेवा प्राप्तिको सन्दर्भमा सञ्चयकर्ताका अधिकार, अपेक्षा तथा दायित्वहरूलाई समेत प्रतिविम्बित गरेको छ । कोषको सेवा प्रवाहलाई विशिष्टिकरण गर्नको लागि समेत सञ्चयकर्ता बडापत्र महत्वपूर्ण रहने कोषको विश्वास रहेको छ ।

सञ्चयकर्ता बडापत्र कोषको योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागद्वारा तयार गरिएको हो ।

# निवृत्तभरणमा ६३ हजारभन्दा बढी कर्मचारी आवद्ध




कोषमा हालसम्म ६३ हजार २ सय ८२ जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ बाट रकम जम्मा हुन शुरू भएको थियो । हालसम्म ३२ सय ११ वटा कार्यालयबाट रू. ६ अरब ५० करोड भन्दा बढी योगदान रकम संकलन भैसकेको छ ।

निवृत्तभरणमा योगदानकर्ता:- ६३,२८२ जना
कार्यालय:- ३२११ वटा
हालसम्म:- रू. ६ अर्ब ५० करोड
आर्थिक वर्ष २०७८/७९ मा:- रू. ३ अर्ब १९ करोड रकम जम्मा भएको

# निवृत्तभरण विभागमा सागरकुमार सिंह



निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागको विभागीय प्रमुखमा सागर कुमार सिंह नियुक्त हुनु भएको छ । उहाँलाई वैशाख १३ गते कोषको मुख्य प्रबन्धकमा कायम मुकायम मुकरर गरिएको छ । यस भन्दा पहिले उहाँ सञ्चयकर्ता सेवा विभागमा वरिष्ठ प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

# १६ सार्वजनिक संस्था कोषमा आवद्ध

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले थप १६ वटा संस्थासँग सम्झौता गरेको छ । त्यसरी आवद्ध हुने संस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय, एचआइडिसिएल, आरबिबि मर्चेन्ट बैंक, साझा यातायात, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेड, मानव अङ्ग प्रत्यारोपण केन्द्र, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय मानव अधिकार आयोग र रेडियो नेपाल लगायतसँग सम्झौता भएको छ ।

# कोष र रेडियो नेपालबीच सम्झौता



कर्मचारी सञ्चय कोष र रेडियो नेपालबीच वैशाख ५ गते योगदानमा आधारित निवृत्तभरण योजनामा सहभागी हुन कोष र रेडियो नेपालबीच एक सम्झौता सम्पन्न भएको छ । सो कार्यालयमा २०७६ साउन १ पछि नियुक्त २९ जना तथा अब नयाँ नियुक्त हुने कर्मचारीहरु यो योजनामा सहभागी हुनेछन् ।

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाईसमेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले यस अघि १५ वटा संस्थासँग सम्झौता गरिसकेको छ ।


# धितोमा आधारित कर्जाहरुको जोखिम विश्लेषण

कोषले सञ्चयकर्ताको आर्थिक-सामाजिक सुरक्षालाई समेत दृष्टिगत गरी सेवाकालीन आवश्यकता पूरा गर्न सघाउ पुऱ्याउने गरी प्रदान गरिआएका धितोमा आधारित सापटीमा निहित जोखिमहरूको विश्लेषण गरेको छ । कोषले हाल धितोमा आधारित कर्जाको रूपमा सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल चक्रकर्जा, जग्गा खरीद सापटी प्रवाह गरिआएको छ ।

कोषको योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागले सञ्चयकर्ता कर्जा विभागसँगको समन्वयमा सो अध्ययन-विश्लेषण गरि प्रशासक समक्ष प्रतिवेदन पेश गरेको थियो ।

# ४३० जना कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०७९/२०८० मा जम्मा ४३० जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । ३५९ जना कर्मचारी स्वदेशी तथा ७१ जना कर्मचारी वैदेशिक तालिममा मनोनयन भई तालिम प्राप्त गरेका छन् ।



# कर्मचारीहरूको नियुक्ति र पदस्थापना

कोषमा रिक्त रहेका विभिन्न पदहरूमा आन्तरिक एवं खुला परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूलाई नियुक्तिपत्र प्रदान एवं विभिन्न शाखाहरूमा पदस्थापना गरिएको छ । विभिन्न समूहका ५० जना सफल उम्मेदवारहरूलाई नियुक्ति प्रदान गरिएको हो । नियुक्ति पाउनेहरूमा मुख्य प्रबन्धक आन्तरिक १, वरिष्ठ प्रबन्धक २ र खुला १, प्रबन्धक खुला २, उपप्रबन्धक आन्तरिक ६, खुला ५, सहायक प्रबन्धक आन्तरिक ९ खुला २२ र प्रमुख सहायक आन्तरिक १ र खुला १ गरी ५० जना रहेका छन् ।

# ब्याज दरमा परिवर्तन

कोषले २०८० श्रावण १ गते देखि आर्थिक वर्ष २०८०/८१ को लागि लिने र प्रदानगर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ । अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिइने ब्याज ७.५० प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ८.६० घर सापटी, शैक्षिक सापटी, घरमर्मत सापटीमा ९.२५ साथै जग्गा खरिद सापटी र सरल चक्र कर्जामा ९.७५ प्रतिशत ब्याज लिने निर्णय गरिएको छ । तर धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रूपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा पाकेको ब्याजमा ०.२५ प्रतिशतले छुट दिने निर्णय भएको छ ।

| | |
|---|---|
| सञ्चय कोष तथा निवृत्तभरण कोषमा:- | ७.५० प्रतिशत |
| विशेष सापटी:- | ८.६० प्रतिशत |
| घर सापटी:- | ९.२५ प्रतिशत |
| शैक्षिक सापटी:- | ९.२५ प्रतिशत |
| घरमर्मत सापटी:- | ९.२५ प्रतिशत |
| जग्गा खरिद सापटी:- | ९.७५ प्रतिशत |
| सरल चक्र कर्जा:- | ९.७५ प्रतिशत |


# तामाकोसी पाँचौंमा कोषको करिब १४ अर्ब ऋण लगानी रहने




तामाकोसी पाँचौं जलविद्युत आयोजनामा कोषले लगानी गर्ने भएको छ । २०८० जेठ ७ गते काठमाडौंमा भएको एक कार्यक्रममा कोषका प्रशासक जितेन्द्र धिताल, प्राधिकरणका प्रबन्ध निर्देशक तथा तामाकोसी जलविद्युत कम्पनीका अध्यक्ष कुलमान घिसिङ, तामाकोसी जलविद्युत कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनोद भण्डारीले सो सम्झौतामा हस्ताक्षर गर्नु भएको हो ।

दोलखाको बिगु गाउँपालिकामा निर्माण हुने ९९.८० मेगावाटको सो आयोजनमा कोषले लगानी गर्न लागेको हो । कोषले सो आयोजनाका लागि १३ अर्ब ७४ करोड ७ लाख ऋण लगानी गर्ने छ । ऋण लगानीको लागि कोष, नेपाल विद्युत प्राधिकरण र तामाकोसी जलविद्युत कम्पनीबीच त्रिपक्षीय सम्झौता भएको छ । यो आयोजना निर्माणका लागि करिब २१ अर्ब १४ करोड रूपैयाँ लाग्ने अनुमान छ । ६५ प्रतिशत ऋण र ३५ प्रतिशत सेयरबाट आयोजनाको लगानी जुटाउने लक्ष्य रहेको छ । आयोजनाको एक मात्र लगानी कर्ता कोष रहेको छ ।

# ७ लाख बढी सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक




आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म ८७ हजारभन्दा बढी सञ्चयकर्ताको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यससँगै हालसम्म ७ लाख ५ हजारको संख्यामा सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक भएको छ । त्यसैगरी कुल १६ हजार ५ सयभन्दा बढी OFFICE KYC अद्यावधिक भएको छ । कोषले प्रदान गर्ने सबै सेवा सुविधा उपभोगको लागि KYC अनिवार्य गरिएको छ ।

# शाखा कार्यालय हेटौडा

## अन्तरक्रिया कार्यक्रम सम्पन्न



शाखा कार्यालय हेटौडाद्वारा मिति २०८० मा कोल्हवी नगरपालिका अन्तर्गत रहेका करिव ३२ वटा विद्यालयका प्रतिनिधिहरूसंग छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी असार १५ गते बकैया गाउँपालिका अन्तर्गत रहेका करिव ८७ वटा विद्यालयका प्रतिनिधिहरूसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम गरियो । सो अवसरमा कोषका कर्मचारीले सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधा तथा डिजिटल फाँटवारी र योगदानमा आधारित निवृत्तभरणको बारेमा जानकारी दिनु भएको थियो ।

# शाखा कार्यालय पोखरा

## शाखा कार्यालय भवन निमार्ण कार्य तीव्र



शाखा कार्यालय पोखराको नयाँ भवन निमार्ण कार्य तीव्र रूपमा अघि बढेको छ । कोषले प्रत्येक शाखाबाट हुने सेवा प्रवाह आफ्नै भवनबाट सञ्चालन गर्ने उद्देश्यले कार्यालय भवन निर्माण कार्यलाई तीब्रता दिएको हो । हालसम्म शाखा कार्यालय विराटनगर र शाखा कार्यालय कोहलपुरले आफ्नै नयाँ भवनबाट सेवा प्रदान गरिरहेका छन् भने शाखा कार्यालय सुर्खेतको भवन निमार्ण कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तै हेटौडाको शाखा कार्यालय भवन निमार्ण कार्य पनि तीव्र रूपमा अगि बढेको छ ।

## शाखा प्रमुखमा कार्की



शाखा कार्यालय हेटौडाको प्रमुखमा हरिकृष्ण कार्की नियुक्त हुनु भएको छ । उहाँले २०८० वैशाख ३१ गतेदेखि सो जिम्मेवारी सम्हाल्नुभएको हो । यस अघि कार्की योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागमा प्रबन्धक एवं Compliance Officer को रूपमा रहनु भएको थियो ।

## सापटी क्षेत्र विस्तार प्रतिवेदन पेश

शाखा कार्यालय पोखराले धितोमा आधारित कर्जा सापटीको विस्तारका लागि अध्ययन गरी प्रतिवेदन पेश गरेको छ । सो क्रममा स्याङ्जा जिल्लाको चापाकोट नगरपालिकाको अध्ययन फागुन ६ मा गरिएको थियो भने लम्जुङ जिल्लाको मध्यनेपाल र राइनास न.पा. क्षेत्रको अध्ययन २०८० वैशाख १५ मा सम्पन्न गरियो । त्यस्तै पोखरा र लेखनाथका विभिन्न क्षेत्रहरुमा मिति २०८० जेठ ३० मा अध्ययन सम्पन्न गरी २०८० जेठ ३२ मा प्रतिवेदन पेश गरिएको छ ।

# शाखा कार्यालय कोहलपुर

## घोराही, तुल्सीपुर र राजापुरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय कोहलपुरद्वारा गोर्खा ग्रुप अन्तर्गत सञ्चालित दाङ उपत्यकाका चारवटा विद्यालयहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो अवसरमा ती विद्यालयहरूमा अनसाइट व्यक्तिगत KYC भर्नुका साथै कोषले प्रदान गर्ने सेवा सुविधाहरु र अन्य विषयमा जानकारी प्रदान गरिएको थियो । सो अन्तरक्रिया कार्यक्रममा कर्मचारी सञ्चय कोष शाखा कार्यालय कोहलपुरका कार्यालय प्रमुख श्री शशि कुमार देवकोटा र उप प्रबन्धक श्री मनोज लामिछानेले कोषले प्रदान गर्ने सेवा सुविधाहरु र अन्य विषयमा प्रकाश पार्नुका साथै अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासाहरूलाई कोषका सहायक प्रबन्धक श्री टेक बहादुर के.सी. र उमेश राज भट्टले सम्बोधन गर्नुभएको थियो । गोर्खा स्कुलको तर्फबाट अध्यक्ष बिष्णु बहादुर घर्तिमगर र प्रिन्सिपल बिजय जि.एम र संस्थापक श्री दुर्गा बहादुर के.सी.सहित करिव २०० जना शिक्षक एवम् कर्मचारीहरूको उपस्थिति रहेको थियो ।




साथै बर्दियाको राजापुरमा मिति २०८०/०१/२५ मा नगरपलिकाभित्रका समुदायिक विद्यालयका प्रधानाध्यापक एवम् लेखा प्रमुखको सहभागितामा डिजिटल फाँटवारी र कोषका सेवा प्रवाह र अन्य गतिविधिहरूको बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम नगरपालिकाका कार्यकारी प्रमुख महेन्द्र जङ्ग शाहीको उपस्थितिमा कोषको सहायक प्रबन्धक तोजेन्द्र रोकाय र रामनारायण चौधरीले संयुक्त रूपमा सञ्चालन गर्नु भएको थियो । सो कार्यक्रममा करिव ४० जनाको उपस्थिति रहेको थियो ।

# शाखा कार्यालय विराटनगर

## Onsite KYC अद्यावधिक कार्यक्रम



शाखा कार्यालय विराटनगरद्वारा झापाजिल्लास्थित सशस्त्र प्रहरी तालिम शिक्षालयमा नवप्रवेशी ८० जना प्रहरी जवानहरूको व्यक्तिगत KYC अद्यावधिक गरिएको छ । सो अवसरमा त्यस कार्यालयमा कार्यरत अन्य कर्मचारीहरू सहित अन्तर्क्रिया कार्यक्रम पनि सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा कोषको तर्फबाट सहायक प्रबन्धक काशीनाथ खतिवडा तथा प्रमुख सहायक (अन्य सेवा) रामचन्द्र पोखरेल तथा शिक्षालयमा कार्यरत लगभग १०० जना प्रहरी जवान तथा अधिकृतहरूको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा सहभागी सञ्चयकर्तालाई सहायक प्रबन्धक काशीनाथ खतिवडाद्वारा कोषले प्रवाह गरिरहेका सेवा सुविधाहरूका सम्बन्धमा जानकारी, Individual & Office KYC को आवश्यकता र महत्व, Office KYC update गर्दा ध्यानदिनुपर्ने विषयहरू, कोषले भर्खरै शुरूआत गरेको Digital फाँटवारी तयारीको प्रक्रियाका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।

## अन्तर्क्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय विराटनगरद्वारा मिति २०८० असार १ मा आदर्श माध्यमिक विद्यालय, मेचीनगरमा झापा जिल्लास्थित ६५ वटा विद्यालयका शिक्षक तथा प्रतिनिधिहरू बीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । मेचीनगर नगरपालिका तथा शिक्षा समन्वय एकाईको समन्वयमा सो कार्यक्रम आयोजना गरिएको थियो ।



कार्यक्रममा कोषका तर्फबाट विराटनगर शाखा कार्यालयका प्रमुख निर्मला हुमाागाईं, सहायक प्रबन्धकहरू कमलेश कुमार यादव र काशीनाथ खतिवडा तथा प्रमुख सहायक (अन्य सेवा) रामचन्द्र पोखरेलको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा कर्मचारी सञ्चय कोषको परिचय, स्थापनाको उद्देश्य, कानुनी व्यवस्था र सुरक्षा, शाखाद्वारा प्रवाह गरिने सेवा सुविधाहरूका सम्बन्धमा जानकारी, individual & Office KYC को आवश्यकता र महत्व, Office KYC update गर्दा ध्यान दिनुपर्ने विषयहरू, कोषले भर्खरै शुरूआत गरेको Digital फाँटवारी तयारीको प्रक्रिया लगायत सञ्चय कोष रकम र यसमा लाग्ने करका सम्बन्धमा समेत सहायक प्रबन्धक काशीनाथ खतिवडाद्वारा प्रस्तुतीकरण प्रदान गरिएको थियो ।

कार्यक्रममा सञ्चयकर्ता कार्यालयका प्रतिनिधिहरूको अत्यन्त उत्साहजनक सहभागिता रहेको र महत्वपूर्ण पृष्ठपोषण समेत प्राप्त भएको थियो । कोषको विराटनगर शाखाका प्रमुख निर्मला हुमागाईंले सहभागीहरूका विविध जिज्ञासाहरूको सम्बोधन तथा गुनासाहरूको जवाफ दिनुभएको थियो । सोही कार्यक्रमका सहभागीहरूले कोषले स्थापना गर्न गइरहेको विर्तामोड सेवाकेन्द्रका सम्बन्धमा जिज्ञासा राख्दै यथाशक्य छिटो उक्त सेवा केन्द्र खोल्न अनुरोध समेत गरेका थिए । सो अवसरमा ४१ जना सञ्चयकर्ताको Individual KYC update गर्ने कार्य पनि गरिएको थियो ।

# गुल्मीको तम्घासमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय बुटवलद्वारा गुल्मीको तम्घासमा वैशाख ८ गते एक अन्तरकिया कार्यक्रम सम्पन्न गरियो । रेसुङ्गा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुल्मी र मुसिकोट नगरपालिकाको समन्वयमा शाखा कार्यालय बुटवलको आयोजनामा योगदानमा आधारित पेन्सन, सञ्चय कोषको डिजिटल फाँटवारी प्रविष्टि तथा कोषले प्रदान गरिरहेको सेवा सुविधाको सम्वन्धमा उक्त कार्यक्रम सम्पन भएको हो । सञ्चयकर्ताको व्यक्तिगत खातामा लेखांकनको कार्यलाई छिटो, छरितो, शुद्ध र प्रभावकारी वनाउन सञ्चयकर्ता कार्यालयवाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गरी पूर्ण रूपमा कागजरहित कारोबार गर्ने कोषको नीति अनुरूप उक्त कार्यक्रम सम्पन्न गरिएको हो ।

रेसुङ्गा नगरपालिकाको सभाहलमा सञ्चालित अन्तक्रिया कार्यक्रममा जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुख, लेखा अधिकृत, लेखापाल, लेखा सम्वद्ध कर्मचारी, विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा विद्यालय सम्बद्ध कर्मचारी र नगरपालिकाका गरी १ सय ३० जना सञ्चयकर्ताको उपस्थिति रहेको थियो । सो अवसरमा कोषकट्टी विवरण डिजिटल प्रणालीवाट पठाउँदा हुने फाइदाका बारेमा जानकारी प्रदान गरिएको थियो । शाखा कार्यालय प्रमुख अर्जुन प्रसाद उपाध्याय र प्र.स. कृष्ण प्रसाद पोखरेल र तारा कुमारी शाहले अन्तरक्रिया कार्यक्रममा सहजीकरण गर्नु भएको थियो ।

कोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रममा स्वागत रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गर्नुभएको थियो । उक्त कार्याक्रममा बिशिष्ट अथिति, जिल्ला शिक्षा समन्वयका प्रमुख लोकनाथ मरासिनी र को.ले.नि.का. गुल्मीका प्रमुख कोष नियन्त्रक छविलाल बेल्बासे र प्रमुख जिल्ला अधिकारी सागरमणि पाठक प्रमुख अथिति रहनु भएको थियो ।

# हस्पिटलसँग सम्झौता

सिद्धार्थनगर सिटी हस्पिटल प्रा. लि. तथा कर्मचारी सञ्चय कोषबीच भएको बिरामी उपचार सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

जिल्ला रूपन्देही, मायादेवी गाउँपालिका वडा नं. ८ अवस्थित सिटी हस्पिटल प्रा.लि. र कोषबीच भएको सहमति अनुसार कोषका शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको उपचारको क्रममा अस्पतालमा विभिन्न छुट प्रदान गरिएको छ । जस अनुसार ओ.पि.डि सेवामा १५ प्रतिशत, अप्रेशन सेवा १० प्रतिशत, Lab Investigation मा २० प्रतिशत, जनरल वेड चार्जमा १५ प्रतिशत, क्याविन बेड चार्जमा १० प्रतिशत भिडियो एक्सरे, एक्सरेमा २० प्रतिशत ई.सि.जि. मा २० प्रतिशत, सिटी स्क्यानमा १० प्रतिशत फिजियोथेरापी सेवामा १० प्रतिशत तथा अन्य सेवाहरूमा ५ देखि १० प्रतिशतसम्म भएको छ ।

# शाखा कार्यालय धनगढी

## अन्तरक्रिया कार्यक्रम



शाखा कार्यालय धनगढीले बैतडी जिल्ला स्थित पाटन नगरपालिका र कोष तथा लेखा नियन्त्रण कार्यालयमा मिति २०८० असार ५ र ६ मा योगदानमा आधारित पेन्सन, Individual KYC & Office KYC, डिजिटल फाँटवारी प्रविष्टि तथा सञ्चयकोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

उक्त अन्तरक्रिया कार्यक्रममा जिल्लाका विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय सम्बद्ध लेखाका कर्मचारी, सञ्चयकर्ता गरी करिव ४३ जना व्यक्तिहरू र कोष तथा लेखा नियन्त्रण कार्यालय अर्न्तगत जिल्लाका विभिन्न सरकारी कार्यालयहरूका करिव २० जना लेखापालहरूलाई सञ्चयकर्ता कार्यालयवाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गरी सञ्चयकोष रकमको लेखांकन कार्यलाई छिटो, छरितो, शुद्ध, पुर्ण रूपमा कागजरहित र प्रभावकारी वनाउने सम्वन्धमा जानकारी आदान प्रदान गरिएको थियो ।

कार्यक्रममा धनगढी शाखाका का.मु. उप–प्रबन्धक महेश श्रेष्ठले प्रस्तुतीकरण र का.मु. सहायक प्रबन्धक अरबिन निरौलाले सहजीकरण गर्नु भएको थियो । अन्तरक्रिया कार्यक्रममा पाटन नगरपालिकाका उप–प्रमुख श्री कमल सिंह बोहराले स्वागत मन्तव्य र जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख मदन मगरातीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अबसरमा सहभागीबाट सोधिएका जिज्ञासाको समाधान पनि गरिएको थियो । सम्पन्न कार्यक्रमबाट कोषको सेवा प्रवाह र संचकर्ताको गुनासो व्यवस्थापन सम्वन्धमा सञ्चयकर्ता कार्यालय र सञ्चयकर्ता समक्ष सकारात्मक सन्देश प्रवाह भएको विश्वास लिइएको छ । समय समयमा कोषले यस प्रकारका कार्यक्रम गर्दै जानुपर्ने सहभागीहरूको प्रतिक्रिया रहेको थियो ।

# शाखा कार्यालय जनकपुर

## भवन निमार्ण कार्य तीव्र

शाखा कार्यालय जनकपुरको कार्यालय भवन निर्माण कार्य तीव्र रूपमा अगि बढेको छ । कार्यालय भवनको भूई तल्ला र



कार्यालय प्रमुख निवासको पहिलो तल्लाको छत ढलानको कार्य सम्पन्न भएको छ । भवन निर्माणका लागि निर्माण व्यवसायी कम्पनी तुल्सी कन्स्ट्रक्सन भक्तपुरलाई मिति २०७९ माघ २५ गते निर्माण स्थल हस्तान्तरण गरिएको थियो । कार्यालय भवन, कार्यालय प्रमुख निवास र गार्ड हाउसगरी तिनवटा भवन निर्माण हुनेछन् ।

## स्वच्छ जनकपुरधाम अभियानमा सहभागिता

स्वच्छ जनकपुरधाम अभियानमा कर्मचारी सञ्चय कोष शाखा कार्यालय, जनकपुरको सक्रिय सहभागिता रहेको छ । ***पर्यटक नगरी जनकपुरधामलाई स्वच्छ वनाऔं*** भन्ने नाराका साथ प्रत्येक शुक्रवार विहान सरसफाई कार्यक्रम हुने गरेको छ ।

जनकपुरधामका सम्पूर्ण सरकारी कार्यालयका कर्मचारी, सेना, प्रहरीको सहभागितामा सरसफाई कार्यक्रम हुने गरेको छ । सरसफाई कार्यक्रम जिल्ला प्रशासन कार्यालय तथा जनकपुरधाम उप–महानगरपालिकाको समन्वयमा हुने गरेको छ ।

सरसफाई कार्यक्रममा कोषका सम्पूर्ण कर्मचारीको सहभागिता रहने गरेको छ । सरसफाई कार्यक्रममा सहभागिता पछि कोषको आफ्नै कार्यालय परिसरको पनि सरसफाई गर्ने गरेको छ ।

# सल्यानमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय सुर्खेतद्वारा मिति २०८० असार १३ गते सल्यान जिल्लाको खलङ्गामा अभीमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो अवसरमा सञ्चयकर्ताहरूलाई कोषबाट दिंइदै आइरहेको सेवा सुविधाहरू लगायत कोषको गतिविधिहरूको सम्बन्धमा जानकारी गराइएको थियो । खलङ्गास्थित संघीय कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वयमा लेखासँग सम्बन्धित कर्मचारीहरू तथा अन्य सञ्चयकर्ताहरूको सहभागितामा कोष तथा लेखा नियन्त्रक कार्यालयकै तालिम कक्षमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

प्रमुख कोष नियन्त्रक उपसचिव रुक्मागत अर्यालको आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै कोषका उप-प्रबन्धक बालकृष्ण अर्यालले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो । उहाँले कोष  पूर्ण रूपले विद्युतीय प्रणाली लागू गर्नेतर्फ अगाडि बढिरहेको जानकारी गराउनुभएको थियो । कोषका सहायक प्रबन्धक भगवान दहालले अन्तरक्रिया कार्यक्रममा उठाइएका प्रश्नहरूको जवाफ दिंदै कोषले अवलम्बन गरेको सूचना प्रविधि, CMS, KYC, Web Entry / Online Special Loan आदिको विषयमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा कोषले उपलब्ध गराउँदै आएको विशेष सापटी, शैक्षिक सापटी, सरल चक्रकर्जा, जग्गा खरिद सापटी, घर सापटी तथा घर मर्मत सापटी लगायत योगदानमा आधारित निवृत्तभरण कोषको सम्बन्धमा विस्तृत जानकारी प्रदान गरिएको थियो ।

## घर सापटीको सम्भावित क्षेत्र विस्तारका लागि अध्ययन

शाखा कार्यालय सुर्खेतले घर सापटीको क्षेत्र विस्तारका लागि अध्ययन गरेको छ । कार्यालय प्रमुख रवि तामाङको अध्यक्षतामा धितोमा आधारित सञ्चयकर्ता सापटीको क्षेत्र विस्तार सम्बन्धमा सम्भाव्यता अध्ययन सम्पन्न गरिएको हो । सञ्चयकर्ताहरूको अत्यधिक माग, पूर्वाधार विकास तथा तोकिएको मापदण्डको आधारमा उपयुक्तता, स्थलगत निरीक्षण, दृष्टिबन्धक रोक्का तथा फुकुवाको दृष्टिकोणबाट समेत सहज हुने आदि कुराहरूलाई आधार मानेर घर सापटी तथा अन्य धितोमा आधारित सञ्चयकर्ता सापटी प्रवाह हुन सक्ने सम्भावित क्षेत्रहरूको अध्ययन गरिएको हो ।

वीरेन्द्रनगर नगरपालिका र भेरीगंगा नगरपालिकाको यस भन्दा पहिला लागू भएका क्षेत्रहरूलाई यथावत कायम राख्दै थप क्षेत्रहरू सञ्चयकर्ता सापटी कार्यविधि, २०७३ ले तोके बमोजिम न्यूनतम मापदण्ड पूरा भएको ठहर गर्दै उक्त अध्ययनबाट कर्जा लगानीका लागि क्षेत्र थप गर्न सिफारिस गरिएको छ ।

## वृक्षारोपण कार्यक्रम सम्पन्न

शाखा कार्यालय सुर्खेतको निर्माणाधीन भवन परिसरमा २०८० असार ३१ गते आर्थिक वर्ष २०७९/८० को सालतमामीको अवसर पारी वृक्षारोपण कार्य सम्पन्न भएको छ । शाखा कार्यालय प्रमुख रवि तामाङको नेतृत्वमा सम्पन्न उक्त वृक्षारोपण कार्यमा कोषका परियोजना इन्जिनियर रामप्रसाद राईसहित शाखा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारिको सहभागिता रहेको थियो ।

वृक्षारोपणको उद्देश्यबारेमा प्रष्ट पार्दै शाखा कार्यालय प्रमुख तामाङले पर्यावरण जोगाउनु सबैको दायित्व हुने र हरित वातावरणमा सार्वजनिक सेवा प्रवाहले कार्य सम्पादनमा समेत सकारात्मक सोच विकास हुने विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा अमला, आँप, अम्बा, आवोकाडो, अनार, सुन्तला, लिची, कटहर, सफेदा, कागती लगायत प्रजातिका एक सय विरूवा रोपिएको थियो । वर्षायाम सँगै रोपिएका विरूवाले हुर्कनका लागि उपयुक्त मौसम र वातावरण पाउने हुनाले यसबाट कर्मचारी सञ्चय कोष शाखा कार्यालय सुर्खेतको भौतिक वातावरण सुन्दर र पर्यावरणमैत्री हुने विश्वास गरिएको छ ।

## सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

कर्मचारी सञ्चय कोषको ६२ वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता जनाउदै सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**क) संख्यात्मक विवरणः**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ८२ हजार | २७ हजार ६ सय |
| निवृत्तभरण कोष | ६३ हजार ३ सय | ३ हजार २ सय |

**ख) कोषका कार्यालयहरु :**

- **केन्द्रीय कार्यालयः** पुल्चोक, ललितपुर **ठमेल कार्यालयः** त्रिदेवीमार्ग, ठमेल **लगनखेल कार्यालयः** लगनखेल
- **शाखा कार्यालयहरुः** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- **सेवा केन्द्रहरुः** धनकुटा, सिंहदरबार र लगनखेल

**घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरुः**

**ब्याज तथा मुनाफाः** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याज दरः ७.५ प्रतिशत, मुनाफाः १.२० प्रतिशत (आ.व. २०७८/७९ को)

**सापटी सुविधाः**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरल चक्रकर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | रु.१करोड सम्म | रु.१०-२५ लाखसम्म | रु.३० लाखसम्म | रु.२५ लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर (आर्थिक वर्ष २०८०/८१ को लागि) | ८.६० प्रतिशत | ९.२५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत |

**ब्याजमा छुटः** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले विन्दुले छुट दिने व्यवस्था गरिएको ।

**सामाजिक सुरक्षा सुविधाहरुः**

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू.१ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिभरिमा अधिकतम रु.१० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।
- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरुः** सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसूति रु.७,५००, दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रु.२ लाख, काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरुप रु.४० हजार प्रदान गरिने ।

**कर्मचारी सञ्चयकोष**
पुल्चोक, ललितपुर ।
फोन नं.: ५०१०१६५, ५०१०१६६
website: www.epfnepal.org.np
Call Center: 5970041

सम्पादन तथा प्रकाशन :
**कर्मचारी सञ्चय कोष,**
योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।
website : www.epf.org.np, email: planning@epf.org.np